वैदेशिक अध्ययनका लागि Eligibility Certificate लिन चाहने विद्यार्थीहरुले देहायका सर्त बमोजिम अध्ययन गरेर मात्र निवेदन दर्ता गर्नुहोला :

१. जुन तहमा अध्ययन गर्न जाने हो कम्तिमा सो भन्दा एक तह तलको शैक्षिक योग्यता हासिल गरेको (उहरणको लागि MBBS अध्ययन गर्न जान +२ वा सो सरहमा बायोलोजि फिजिक्स केमेष्ट्री सहितको विषय लिई कम्तिमा ५० प्रतिशत वा २.४ जिपिए ल्याईउत्तिर्ण ) हुनु पर्ने छ ।
२. चिकत्सा शिक्षा आयोगले लिएको एकिकृत प्रवेश परीक्षामा उत्तिर्ण भएको स्कोर कार्ड प्राप्त गरेको हुनु पर्नेछ ।

अथवा

आयोगले मान्यता दिएको देहायका संस्थाले लिएको राष्ट्रियस्तरको प्रवेश परीक्षामा उत्तिर्ण गरेको भए सो परीक्षाको स्कोर कार्ड हुनु पर्ने छ ।

- भारतमा स्नातक तहमा MBBS अध्ययनका लागि NEET
- भारतमा स्नातकोत्तर तहमा MD/MS/MDS अध्ययनका लागि AIIMS
- पाकिस्तानमा फेलोसिप अध्ययनका लागि JCAT
- बेलायत अध्ययन लागि FRCP,FRCS,PLAB,MRCP
- अष्ट्रेलिया अध्ययनका लागि AMC CAT MCQ Exam

अथवा

अर्को व्यवस्था नभए सम्मको लागि आयोगले एकिकृत प्रवेश परीक्षा नगरेका र सम्बन्धित काउन्सिलमा दर्ता हुने विषयको हकमा Offer Letter / Admission letter तथा अन्य आवश्यक कागजात

३. सम्बन्धित विद्यार्थीले देहायका कागजातहरुको सक्कल प्रमाणपत्रहरुको फोटो खिचेर वा स्कायान गरी आयोगले उपल्बध गराएको वेवसाइटमा अपलोड गर्ने / साथै तोकिएको शुल्क बुझाएको भौचर अपलोड गर्ने
आवश्यक कागजात स्नातक तह (Undergraduate Level)
क.नागरिकताको प्रमाणपत्र

ख.एसएलसी वा सो सरह लब्धाङ्क पत्र
ग. एसएलसी वा सो सरह चारित्रिक प्रमाण पत्र
घ. १०+२ वा सो सरहको ट्रान्सकृप्ट
ङ.१०+२ वा सो सरहको चारित्रिक प्रमाण पत्र
च. आयोगले सञ्चालन गरेको एकिकृत प्रवेश परीक्षाको स्कोर कार्ड
छ. अध्ययन गर्न चाहेको तह,विषय,Speciality,अध्ययन अवधिबर्ष र अध्यय शुरु हुने
मिति समेत उल्लिखित सम्बन्धित संस्थाले जारी गरेको पत्र (अफरलेटर आइ ट्वान्टी आदी)

४. आवश्यक कागजात स्नातकोत्तर तह (Postgraduate Level)
क.स्नातक तह (Undergraduate Level) का लागि तोकिएका सबै कागजातहरु
ख.स्नातक तह (Undergraduate Level) वा सो सरहको ट्रान्सकृप्ट
ग. स्नातक तह (Undergraduate Level) सरहको चारित्रिक प्रमाण पत्र
घ. सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र

५. आवश्यक कागजात (Fellowship) वा उच्चस्तरको तालिम (High Level Training)
क.स्नातकोत्तर तह (Postgraduate level) का लागि तोकिएका सबै कागजातहरु
ख.स्नातकोत्तर तह (Postgraduate level) वा सो सरहको ट्रान्सक्रिप्ट
ग. स्नातकोत्तर तह (Postgraduate level) वा सो सरहको चारित्रिक प्रमाण पत्र

६. Eligibility Certificate लिन Under Graduate level का लागि रु ३००० र Postgraduate Level का लागि रु ५००० लाग्ने दस्तुर हिमालयन बैङ्कमा Medical Education Commission का नाममा रहेको खाता नं. ०४३०८९३१६७००१७ मा जम्मा गरी सो को भौचर अपलोड गर्नुपर्ने छ । दस्तुर बुझाइसके पछी रकम फिर्ता नहुने भएकाले आफ्ना कागज प्रमाण पुगे नपुगेका एकिन गरेर मात्र अनलनइन फारम भर्नुहोला ।

७. माथि उल्लेखित योग्यता र कागज प्रमाण पेस भए पछी मात्र बैठकबाट Eligibility Certificate जारी गर्ने  नगर्ने सम्बन्धमा निर्णय हुने भएकोले आवश्यक प्रमाण पुगे नपुगेका एकिन गरी अनलाईन फारम भर्नुहोला ।

८. दिइएको लिङ्कमा अनलाइन फाराम भर्दा क्रमश देहाय बमोजिम विवरण इन्ट्रि गर्ने र कागजात अपलोड गर्ने ।

   क. Personal Information (Profile) मा रहेको सबै विवरणहरु नछुटाई भर्ने र पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्र,राहदानी समेतका विवरण भरी फोटो वा स्कायान कपि अपलोड गर्ने

   ख. Academic Information मा SLC/SEE को विवरण त्यसपछी १०+२ वा सो सरह विवरण भर्ने एवम रितले  आफुले अध्ययन गर्न जान चाहेको तह भन्दा तल्लो तह सम्मको विवरण भरी चारित्रिक प्रमाणपत्र समेतको फोटो वा स्कयान कपि अपलोड गर्ने विदेशी बोर्डबाट उत्तिर्ण भएको भए समकक्षता प्रमाणपत्र पेश गर्ने

   ग. Eligibility Information मा आफू अध्ययन गर्न जान चाहेको तह विषय स्प्यासिलिटी SLC/SEE को विवरण त्यसपछी १०+२ वा रहेको विवरण भर्ने एवम रितले आफूले अध्ययन गर्न जान चाहेको भन्दा तल्लो तह सम्मको विवरण भरी प्रमाणपत्रको फोटो वा स्क्यान कपी अपलोड गर्ने

   घ. तोकिए बमोजिमको रकम बैक दाखिला गरेको भौचरको विवरण इन्ट्रि गरी भौचरको फोटी अपलोड गर्ने

   ङ. अनुसुचीमा रहेको कवुलियतनामाको फारामको सट्टा स्वघोषणा फाराम राम्ररी पढी आफ्नो विवरण पछी सम्म फरक नपर्ने गरि रुजु गरि सवमिट गर्ने

   च. बैदेशिक अध्ययनका लागि अनुमति पत्र Eligibility Certificate जारी हुने भएकाले अनलाइन बाटै Review option हेरी  अध्ययन गरि सो मा मञ्जुर गरेपछी मात्र Print Option आउनेछ

९. आयोगले उपलब्ध गराएको वेवसाइटमा विद्यार्थीले पेस गरेको वा गर्ने विवरणहरु कानुन बमोजिम अधिकार प्राप्त निकायले माग गरेमा बाहेक अन्य कसैलाइ उपलब्ध गराइने छैन गोप्य र सुरक्षित रहनेछन

१०.मिति २०७९ साल साउन १ गते पछी वैदेशिक अध्ययन अनुमतप पत्र Eligibility Certificate लिएका व्यक्तीले अरु कुनै विषयमा अध्ययन गर्न जान चाहेमा यसै लिङ्कमा रहेको Eligibility मा Add New गरी विवरण भर्ने